निर्णयहरु:

१.स्याउको जात Golden Delicious, Red Delicious, Gala, Fuji र Red Jonaprince हुनुपर्नेछ । यी जातहरु मध्ये Red Delicious, Gala र Fuji लाइ परागसेचनको लागि आवश्यक पर्ने Golden Delicious को जात कम्तीमा १० प्रतिशत हुनुपर्नेछ र Red Jonaprince लाइ परागसेचनको लागि आवश्यक पर्ने Gala को जात कम्तीमा १० प्रतिशत हुनुपर्नेछ । अन्य उपरोक्त जातहरुको संख्या स्थानीय जिल्लाको माग अनुसार तय गर्न सकिनेछ ।

२.स्याउ कलमी विरुवाको Rootstock को जात M9 हुनुपर्नेछ ।

३.उपरोक्त Scion र Rootstock का जातहरु Apple High Density Planting को लागि 1m× 3m Spacing मा आधारित व्यवसायिक स्याउ खेतीको लागि उपयुक्त हुनुपर्नेछ ।

४. उपरोक्त Scion र Rootstock का varieties र strains समेतको catalogue तथा ति जातहरुको Pest List (Tolerant/Resistant/Susceptible to different Insect Pests and Diseases) को विवरण समेत संलग्न गरेको हुनुपर्नेछ ।

५.विरुवो उचाइ १.७ देखि २.२ मिटर सम्मको हुनुपर्नेछ ।

६. प्रत्येक स्याउका कलमी बोट प्रशस्त जरा भएको हुनुपर्नेछ र ति जराहरु पुर्णरुपले माटो रहित र स्वस्थ हुनुपर्नेछ ।

७ अगुवा हाँगा (Leader) सोझो, नभाँचिएको, कोपिलाहरु पुष्ट भएको र vigorous growth भएको बोट हुनुपर्नेछ ।

८. अगुवा हाँगा (Leader) लाइ प्रभाव पार्ने अन्य कुनैपनि हाँगाहरु नभएको हुनुपर्नेछ ।

९ .१२ देखि २५ से.मि.लामो कम्तीमा ६ वटा फल्ने हाँगाहरु (Feather Branches) भएको हुनुपर्नेछ ।

१०. फल्ने हाँगाहरु (Feather Branches) जमिनको सतहदेखि ६० से.मि.को उचाइबाट पलाएको हुनुपर्नेछ । जमिनको सतहबाट ६० से.मि सम्म एउटा पनि फल्ने हाँगा (Feather Branch) नभएको हुनुपर्नेछ ।

११. अगुवा हाँगा (Leader) को चारैतिरबाट Regular Intervals मा फल्ने हाँगाहरु (Feather Branches) आएको हुनुपर्नेछ र फल्ने हाँगाहरु (Feather Branches) अगुवा हाँगा (Leader) बीचको Crotch Angle ४५ डिग्री भन्दा कम नभएको हुनुपर्नेछ ।

१२.स्याउका कलमी बिरुवाहरु Quarantine Pest Free भएको बिरुवाको स्वास्थ्य जाँचको Phytosanitary Certificate स्याउ बिरुवा ढुवानीको समयमा पेश गर्नुपर्नेछ ।

१३. स्याउका कलमी बिरुवाहरु प्याकिङ्ग गर्दा बेग्ला बेग्लै जातहरु छुट्टिने गरी लेबल राखेर १०-१० वटा बिरुवाको Bundle बनाइ प्याकिङ्ग गर्नुपर्नेछ । त्यसरी प्याक गरिएका स्याउका कलमी बिरुवाहरु Refrigerated Container मा ढुवानी गर्नु पर्नेछ र तोकिएको अन्तिम स्थान सम्म नै Refrigerated Container मा नै ढुवानी गरी पुर्‍याउनु पर्नेछ ।

१३. अन्तिम स्थानमा Refrigerated Container बाट स्याउका कलमी बिरुवाहरु unload गरि सकेपछि स्याउ बगैचा स्थापना गर्ने स्थानसम्म स्याउ बिरुवाहरु ढुवानी गर्दा भिजेको स्थानीय झ्याउ र पातलो जुटको बोराले बेरेर राम्ररी स्थानीय झ्याउले प्याकिंग गर्नु पर्नेछ । स्याउको बिरुवाहरु सुक्न नदिन झ्याउलाइ समय समयमा पानीले भिजाइ चिस्यान कायम गर्नुपर्नेछ । स्याउको भारी बिसाउँदा चिसो वा छायाँ परेको ठाउँमा स्याउको भारी बिसाउनु पर्नेछ । गाडी चल्ने स्थानमा सकेसम्म गाडीबाट र अन्य स्थानमा जुनसुकै साधन (भरिया, खच्चड आदि) बाट स्याउ बिरुवाहरु ढुवानी गर्दा स्याउ बिरुवाहरुमा कुनैपनि अवस्थामा हानी नोक्सानी नहुने गरी सावधानीपूर्वक ढुवानी गर्नु पर्नेछ ।